## युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग एक परिचय

### १. पृष्ठभुमी

दोस्रो विश्व युद्धपश्चात विश्वलाई आपसी शान्ति, मैत्री र विकासको माध्यमबाट समुन्नत गर्ने अभिप्रायले स्थापित संयुक्त राष्ट्र सङ्घको बहुआयामिक पहलमध्ये विश्वमा शान्ति शिक्षा, विज्ञान, संस्कृति, सञ्चार र सामाजिक तथा मानवीय क्षेत्रमा अनुसन्धान, सशक्तीकरण र विकास गर्ने उद्देश्यसहित स्थापित युनेस्को (UNESCO–United Nations Educational, Scientific and Cultural Organization) संयुक्त राष्ट्र सङ्घको एउटा विशिष्टिकृत सङ्गठन हो । यसको स्थापना सन् १९४५ नोभेम्बर १६ मा भएको हो । सुरुमा यस सङ्गठनका सदस्य राष्ट्रहरू ३७ ओटा थिए भने हाल १९५ पुगेका छन् । यसको प्रधान कार्यालय फ्रान्सको पेरिसमा रहेको छ । यसका क्षेत्रीय कार्यालय तथा स्थलगत कार्यालयहरू विभिन्न देशहरूमा रहेका छन् । १९५३ मा नेपालले युनेस्कोको सदस्यता लिएको हो । नेपालले सन् १९५४ देखि युनेस्कोका निमित्त अन्तरिम आयोगको रूपमा काम गर्न सुरु गरेको थियो । सोही अन्तरिम आयोग वि.सं. २०२० साल देखि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगमा परिणत भएको पाइन्छ । युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको एउटा छुट्टै सचिवालय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत रहेको छ । युनेस्कोका प्रत्येक सदस्य राष्ट्रले आफ्नो देशमा राष्ट्रिय आयोग गठन गरी सोही आयोगमार्फत सरकार र युनेस्को बीच सञ्चार तथा समन्वय गर्ने गराउने, युनेस्कोबाट सदस्य राष्ट्रले प्राप्त गर्ने सहयोगमा अभिवृद्धि गर्ने गराउने कार्यका साथै युनेस्को सम्बद्ध कार्यक्रम कार्यान्वयन गर्ने गर्दछन् । नेपाल पनि उक्त सङ्गठनको सदस्य राष्ट्र भएकाले उपर्युक्त कार्य गर्न युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको स्थापना भएको हो । युनेस्कोको प्रधान कार्यालयसँग समन्वय गरी युनेस्को सम्बद्ध कार्यहरूलाई सहजता प्रदान गर्न पेरिसस्थित नेपाली राजदूतावासलाई नेपाल सरकारको स्थायी प्रतिनिधिका रूपमा कार्य गर्न तोकिएको छ । प्रत्येक दुई–दुई वर्षमा युनेस्कोको महासभा युनेस्को प्रधान कार्यालय पेरिसमा सञ्चालन हुने व्यवस्था छ । सदस्य राष्ट्रहरूले उक्त महासभामा भाग लिने गर्दछन् ।

युनेस्को प्रधान कार्यालयकै सांगठनिक संरचना अंगालेको नेपालको राष्ट्रिय आयोगको सर्वोच्च तथा विधायिकी निकायको रूपमा आयोग, कार्यकारिणी निकायको रूपमा कार्यकारिणी समिति र प्रशासनिक निकायको रूपमा सचिवालय रहेका छन् । माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय आयोगमा शिक्षा सचिव पदेन महासचिव रहने व्यवस्था छ । महासचिवको कार्यमा सहयोग गर्नका लागि सरकारी सेवा वा शिक्षा, विज्ञान, प्रविधि, संस्कृति, आमसञ्चार र सामाजिक विषय क्षेत्रका संस्था वा शैक्षिक संस्था वा विश्वविद्यालय वा अन्य कुनै प्रकारको संगठित संस्थामा कम्तीमा पन्ध्र वर्ष अधिकृत स्तरमा रही कार्य गरेको अनुभव भएको युनेस्को सम्बद्ध जानकार व्यक्तिलाई आयोगको अध्यक्षले सचिवालयको सहायक महासचिव नियुक्त गर्ने व्यवस्था रहेको छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट खटाईएका निजामती कर्मचारी चार जना र आयोगको तर्फबाट व्यवस्था गरिएका सात जना कर्मचारीहरूबाट सचिवालय सञ्चालित छ । कार्यकारिणी समितिको अध्यक्षता माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीबाट हुन्छ । आयोगको सचिवालयले नेपाल सरकारले वार्षिक रूपमा उपलब्ध गराउने एकमुष्ट अनुदान रकम तथा युनेस्को पेरिसको सहभागितामूलक कार्यक्रम अन्तर्गत द्वैवार्षिक रूपमा विभिन्न परियोजना सञ्चालनार्थ पेरिसबाट प्राप्त हुने सहयोग परिचालन, अनुगमन, मूल्याङ्कन, प्रतिवेदन लगायतका कार्यहरू गर्दै आएको छ । सचिवालयले एएसपी नेट सम्बद्ध विद्यालय, युनेस्को क्लव तथा संघसंस्थाहरूको महासंघ, विभिन्न गैरसरकारी संस्था, अन्य राष्ट्रका राष्ट्रिय आयोगहरू, युनेस्कोको क्षेत्रीय ब्यूरो र देशीय कार्यालय, युनेस्को आवद्ध अन्तर्राष्ट्रिय र क्षेत्रीय संस्थाहरूसँग सहकार्य गरी युनेस्को सम्बद्ध विविध कार्यक्रमहरू सञ्चालन तथा व्यवस्थापन गर्दै आएको छ ।

### २. युनेस्कोका आदर्शहरू

विश्वमा दिगो शान्ति र संवृद्धिका लागि युनेस्कोले निम्न आदर्शहरूलाई आत्मसात गर्दै शिक्षा, विज्ञान, संस्कृति, मानव तथा समाज विज्ञान र सञ्चार क्षेत्रमा संरक्षण, सम्बर्द्धन र विकासका कामहरू गर्दै आएको छ ।

- शान्ति, मैत्री तथा आपसी सद्भाव,
- सहनशीलता,
- मानव अधिकारको सम्मान,
- सहकार्य र सामूहिक प्रयास,
- सामाजिक न्याय तथा उपलब्धिको न्यायोचित वितरण,
- रचनात्मक सिर्जनाद्वारा शान्ति, प्रगति तथा सम्वृद्धिको प्रवर्द्धन र संस्थागत विकास,
- सहअस्तित्व,
- प्रजातन्त्रको सुदृढीकरण,
- आधारभूत स्वतन्त्रताको सुनिश्चितता

### ३. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको उद्देश्य

शिक्षा, विज्ञान र संस्कृतिको माध्यमद्वारा संयुक्त राष्ट्र सङ्घको घोषणापत्रमा उल्लिखित उद्देश्य हासिल गर्ने काममा सहयोग पुर्याउन युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको उद्देश्य निम्नानुसार रहेका छन् ।

(क) शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक कार्यक्रमहरूको माध्यमद्वारा नेपाली जनताको आर्थिक, सामाजिक एवं बौद्धिक विकास गर्ने,
(ख) शिक्षा, संस्कृति, विज्ञान, आमसञ्चार तथा सामाजिक क्षेत्रमा अध्ययन, अनुसन्धान, तालिम, गोष्ठी, सभा, सम्मेलन आदि गर्ने गराउने,
(ग) आफ्नो देशको गौरवमय सांस्कृतिक वैभवलाई विश्वका अन्य राष्ट्रहरूमा आफ्नो साधनले भ्याएसम्म परिचित गर्ने गराउने,
(घ) युनेस्कोको उद्देश्य एवम् कार्यक्रमहरूको प्रचार प्रसार गरी सर्वसाधारण जनता समक्ष पुर्‍याउने,
(ङ) अन्तर्राष्ट्रिय, क्षेत्रीय एवं राष्ट्रियस्तरमा युनेस्कोद्वारा सञ्चालित कार्यक्रममा सघाउ पुर्‍याउने,
(च) युनेस्कोको सहयोगमा सञ्चालित राष्ट्रिय तथा क्षेत्रीय विकास आयोजना एवं कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुर्याउनुका साथै आयोग अन्तर्गत गठन हुने विभिन्न विषय तथा विशेष समिति, युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ र युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जाल ASPnet को समन्वय र सहकार्यमा सहयोग पुर्‍याउने ।

### ४. युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको गठन

| | | |
|---|---|---|
| (क) | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री – | अध्यक्ष |
| (ख) | विश्वविद्यालयका उपकुलपतिहरूमध्येबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा मनोनीत दुईजना | सदस्य |
| (ग) | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रलयको शिक्षा हेर्ने सचिव – | महासचिव |
| (घ) | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रलयको विज्ञान तथा प्रविधि हेर्ने सचिव – | सदस्य |
| (ङ) | नगरपालिकाका प्रमुखहरू मध्येबाट आयोगका अध्यक्षद्वारा मनोनित गरेको एकजना – | सदस्य |
| (च) | परराष्ट्र मन्त्रालयको रापाप्रथम श्रेणीको अधिकृत प्रतिनिधि – | सदस्य |
| (छ) | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको रा.प.प्रथम श्रेणी विज्ञान तथा प्रविधि तर्फको अधिकृत प्रतिनिधि – | सदस्य |
| (ज) | संस्कृती, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको रा.प.प्रथम श्रेणीको अधिकृत प्रतिनिधि – | सदस्य |
| (झ) | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको रापाप्रथम श्रेणीको अधिकृत प्रतिनिधि – | सदस्य |
| (ञ) | सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्रालयको रापाप्रथम श्रेणीको अधिकृत प्रतिनिधि – | सदस्य |
| (ट) | अर्थ मन्त्रालयको रा.प.प्रथम श्रेणीको अधिकृत प्रतिनिधि – | सदस्य |
| (ठ) | विभिन्न सङ्घ, संस्थाका प्रमुखहरूमध्येबाट आयोगको अध्यक्षद्वारा मनोनित कम्तीमा दुईजना महिला पर्ने गरी बढीमा चार जना – | सदस्य |
| (ड) | शिक्षा, विज्ञान संस्कृति सामजिक र आमसञ्चारको क्षेत्रमा कार्यरत संस्थाका प्रमुखहरू मध्येबाट एकजना महिलासहित आयोगको अध्यक्षद्वारा मनोनित दुईजना – | सदस्य |
| (ढ) | गाउँपालिकाका अध्यक्षहरू मध्येबाट आयोगको अध्यक्षद्वारा मनोनित एकजना – | सदस्य |
| (ण) | शिक्षाविद्हरूमध्येबाट शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा मनोनीत पाँच जना – | सदस्य |
| (त) | विद्यालयका प्रधानाध्यापकहरूमध्येबाट आयोगको अध्यक्षद्वारा मनोनित कम्तीमा एकजना महिला सहित दुईजना – | सदस्य |
| (थ) | विषय समितिका पदाधिकारीहरू – | सदस्य |
| (द) | एसोसिएटेड स्कुल प्रोजेक्ट (ए.एस.पी) नेटवर्कका राष्ट्रिय संयोजक – | सदस्य |
| (ध) | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगका सहायक महासचिव – | सदस्यसचिव |

### ५. युनेस्को आयोगका प्रमुख कार्य

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधानले आयोगको संरचनालाई युनेस्को पेरिसको संरचनासँग मिल्दो किसिमले अङ्गीकार गरेको छ । आयोगको विधान बमोजिमका कार्य तथा युनेस्को पेरिसबाट प्राप्त कार्यक्रम नेपाल सरकार, विशेष गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयसँगको समन्वय एवम् निकटतामा सञ्चालन तथा व्यवस्थापन गर्दछ ।

(क) युनेस्कोका सदस्य राष्ट्रहरूको बीचमा पारस्परिक सम्बन्ध कायम गर्ने,
(ख) युनेस्कोका कार्य क्षेत्रसँग सम्बन्धित शिक्षा, विज्ञान, संस्कृति, सामाजिक र आमसञ्चारका क्षेत्रहरूमा नेपाल सरकारलाई सल्लाह दिने,
(ग) युनेस्कोका आदर्श र कार्यक्रमहरू मुलुकभरी प्रचार प्रसार गरी सर्वसाधारण जनताको समर्थन र सहयोग प्राप्त गर्ने,
(घ) प्रत्येक दुई वर्षमा हुने युनेस्कोको महाधिवेशनमा भाग लिन जाने प्रतिनिधिमण्डललाई आवश्यक सरसल्लाह र निर्देशन दिने,
(ङ) युनेस्कोद्वारा पारित प्रस्तावहरू कार्यान्वयन गर्ने गराउने,
(च) युनेस्कोको उच्चतम आदर्श प्राप्तिका लागि समय समयमा सदस्य राष्ट्रहरूबीच भ्रमणको आदान प्रदानबाट अन्तर्राष्ट्रिय समझदारी र आपसी सहयोग बढाउने,
(छ) युनेस्कोको आदर्श प्राप्तिका निमित्त तालिम, गोष्ठी सञ्चालन तथा प्रकाशन सम्बन्धी कार्य गर्ने,
(ज) अन्तर्राष्ट्रिय समझदारी बढाउने खालका सामग्रीहरूको अन्तर्राष्ट्रिय स्तरमा आदान प्रदान आदि कार्य गर्ने गराउने,
(झ) आयोगसँग सम्बद्ध युनेस्को क्लबद्वारा सञ्चालित विभिन्न कार्यक्रमहरूको सुपरिवेक्षण गर्ने गराउने,
(ञ) युनेस्कोका अरू सदस्य राष्ट्रहरूको आयोगसँग सम्पर्क बढाउने र सहकार्य गर्ने,
(ट) आयोगको महाधिवेशन कम्तीमा वर्षको एक पटक बोलाउने,
(ठ) युनेस्कोको प्राविधिक तथा आर्थिक सहयोगमा विभिन्न कार्यक्रमहरूको सञ्चालन गर्ने गराउने र
(ड) युनेस्कोको उद्देश्य प्राप्तिका लागि सङ्कल्प प्रस्तावहरू पारित गर्ने ।

उल्लिखित कार्यका अलावा युनेस्कोको अगुवाईमा भएका र हुने अन्तर्राष्ट्रिय सन्धि महासन्धिको पक्ष राष्ट्र बन्न सदस्य राष्ट्रलाई अभिप्रेरित गर्ने, पारित अन्तर्राष्ट्रिय सन्धि, महासन्धिको कार्यान्वयनको अनुगमन गर्ने, विश्व शान्तिको निर्माणकालागि अन्तर्राष्ट्रिय स्तरमा पैरवी गर्ने, विश्वमा शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार र समाज तथा मानव विज्ञानको विकासका लागि विभिन्न कार्यक्रम निर्माण सञ्चालन र प्रसार गर्न सदस्य राष्ट्रलाई परिचालन गर्ने र उल्लिखित क्षेत्रमा हासिल भएका उपलब्धिको अभिलेखीकरण गर्ने र तिनमा सार्वजनिक पहुँचको सुनिश्चित गर्ने कार्य पनि युनेस्को आयोगले गर्दै आएको छ । अविकसित तथा पछाडि परेका सदस्य राष्ट्र र क्षेत्रको विकासका लागि अन्तर्राष्ट्रिय समुदाय तथा स्रोतको परिचालन गर्ने गराउने, सार्वजनिक सरोकारका विषयमा विश्व अभिमत निर्माण र प्रचार प्रसार गरी सामूहिक हितको प्रवर्द्धन गर्ने गराउने र युनेस्को सम्बद्ध विषय क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने, कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सदस्य राष्ट्रको आवश्यकता र संगठनको विशेषज्ञताका आधारमा आवश्यक प्राविधिक तथा बौद्धिक सहयोग उपलब्ध गराउने कार्य समेत यस आयोगको कारेक्षेत्र भित्र पर्दछन्।

### ६. कार्यकारिणी समिति

युनेस्को आयोगले पारित गरेका नीति एवं कार्यक्रमहरूलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न गराउनका लागि केन्द्रीयस्तरमा एक कार्यकारिणी समिति रहेको छ ।कार्यकारिणी समितिको गठन प्रक्रिया निम्नानुसार रहेको छ ।

| | | |
|---|---|---|
| (क) | आयोगको अध्यक्ष – | अध्यक्ष |
| (ख) | आयोगको महासचिव – | सदस्य |
| (ग) | आयोगको सदस्यमा मनोनीत उपकुलपतिहरूमध्ये अध्यक्षद्वारा मनोनीत एकजना – | सदस्य |
| (घ) | विषय समितिका संयोजकहरू – | सदस्य |
| (ङ) | आयोगमा मनोनीत शिक्षाविद्हरूमध्येबाट अध्यक्षद्वारा मनोनीत दुई जना – | सदस्य |
| (च) | सहायक महासचिव – | सदस्य |
| (छ) | सचिवालयको सचिव – | सचिव |

#### कार्यकारिणी समितिका प्रमुख कार्य

(क) स्वीकृत बजेट कार्यन्वयनका लागि सहजीकरण गर्ने र अन्य स्रोतबाट प्राप्त बजेट तथा कार्यक्रम कार्यन्वयनमा सहयोग गर्ने,
(ख) आयोगको वार्षिक सभाले पारित गरेका निर्णय तथा सङ्कल्पहरू कार्यान्वयन गर्ने गराउने,
(ग) आयोगको वार्षिक सभामा पेस गरिने सुझाव र प्रतिवेदनको मस्यौदा तयार गर्ने गराउने,
(घ) युनेस्को सम्बद्ध प्रकाशनहरूलाई अनुवाद गरी प्रकाशन गर्ने गराउने,
(ङ) युनेस्कोको उद्देश्य, आदर्श एवं कार्यहरू विभिन्न सञ्चार माध्यमद्वारा जनतामा प्रचारप्रसार सम्बन्धी नीतिगत व्यवस्था गर्ने,
(च) युनेस्कोबाट प्राप्त छात्रवृति, आयोजना हुने गोष्ठी आदिका सम्बन्धमा नीतिगत सल्लाह दिने,
(छ) शिक्षा, विज्ञान, संस्कृति, आमसञ्चार तथा सामाजिक विकासमा सहयोग पुर्‍याउने,
(ज) युनेस्कोको सहयोगमा सञ्चालित कार्यक्रमहरूको अनुगमन, मूल्याङ्कन तथा प्रगति समीक्षा गर्ने गराउने,
(झ) युनेस्को क्लबहरू तथा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घ दर्ताको निमित्त सिफारिस एवं सम्बन्धन प्रदान गर्ने,
(ञ) आयोगसँग सम्बन्धन प्राप्त क्लब तथा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घलाई युनेस्कोको प्रतीक चिन्ह (लोगो प्रयोग गर्न नीति तर्जुमा गर्ने र
(ट) यस विधानबमोजिमका विषय समिति, विशेष समिति, युनेस्को क्लब तथा युनेस्को क्लबहरूको राष्ट्रिय महासङ्घको काम कारवाहीमा सहयोग पुर्याउन आवश्यक निर्देशन दिने ।

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग अन्तर्गत देहाय बमोजिमका विषय तथा विशेष समितिहरू रहेका छन्।

**विषय समितिहरू**

- शिक्षा समिति
- विज्ञान समिति
- संस्कृति समिति
- आमसञ्चार समिति
- सामाजिक समिति

**विशेष समितिहरू**

- मानव तथा जीवमण्डल समिति
- अन्तर्राष्ट्रिय जलविज्ञान समिति

## ८. युनेस्कोको विषयगत समितिका कार्यहरू

**(क) शिक्षा समिति**

- सर्वपक्षीय सहभागिताको सुनिश्चितता गराई सबैका लागि शिक्षाको सान्दर्भिकता पुष्टि गर्ने गराउने,
- गरिबी निवारण, दिगो विकास र ज्ञानमा आधारित समाज विकासका लागि विज्ञान तथा प्रविधिमा आधारित गुणस्तरीय शिक्षाको प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय सहयोग र अवसरको पहिचान र परिचालन गर्ने,
- शिक्षामा समता र समानता सहितको सहभागिताका लागि चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
- दिगो विकासको लागि शिक्षाका मूल्य, मान्यता र अवधारणाहरूलाई प्रचार-प्रसार र क्षमता विस्तारका माध्यमबाट मूलप्रवाहीकरण गर्ने,
- एएसपीनेट विद्यालयहरूको क्षमता विकास र परिचालनबाट हरित विद्यालय, हरित समुदाय, वातावरण शिक्षा, गुणस्तरीय सान्दर्भिक शिक्षाको प्रवर्द्धन गर्ने,
- व्यावसायिक तथा प्राविधिक शिक्षाको प्रचारप्रसार गरी सिप र रोजगारीका लागि शिक्षाको प्रवर्द्धन गर्ने र
- अनुसन्धान मार्फत नवीन ज्ञानको खोजीको निरन्तरता दिने ।

**(ख) विज्ञान समिति**

- दिगो विकास, पर्यावरण संरक्षण सम्बन्धी सन्देशमूलक कार्यक्रम सञ्चालन गर्ने,
- बहुआयामिक र एकीकृत विकास प्रणालीको प्रवर्द्धनका लागि सम्बद्ध पक्षहरूलाई सशक्तीकरण गर्ने,
- हिमश्रृङ्खला, नदीवेसी, स्वच्छ पानी र सिमसारको संरक्षणसम्बन्धी कार्य गर्ने,
- विज्ञान शिक्षालाई दिगो विकाससँग जोड्दै यसका विविध पक्षहरूमा पुनर्वलन गर्ने,
- प्रकोपको पूर्वतयारी र प्रकोप न्यूनीकरणसम्बन्धी सचेतना विस्तार गर्ने,
- वैज्ञानिक सूचना प्रणालीको प्रचार-प्रसार र क्षमता विकास गर्ने,
- अन्तर्राष्ट्रिय सम्पर्क र सहयोगद्वारा विज्ञानसँग सम्बन्धित युनेस्को सम्बद्ध संस्थाहरूको सवलीकरण गर्ने ।

**(ग) संस्कृति समिति**

- संस्कृतिमा आधारित विकास गर्ने,
- मूर्त सांस्कृतिक र प्राकृतिक सम्पदाको अध्ययन, अनुसन्धान र विकास गर्ने,
- अमूर्त सांस्कृतिक सम्पदाको अध्ययन, अनुसन्धान सम्बर्द्धन र विकास गर्ने,
- सांस्कृतिक विविधताका बीच एकताको विकास र अन्तरसांस्कृतिक समभ्रदारीको प्रवर्द्धन गर्ने,
  विश्व सम्पदाका रूपमा मान्यता प्राप्त प्राकृतिक तथा सास्कृतिक धरोहरहरूको संरक्षण गर्ने, सम्बर्द्धन गर्ने र मुलुक भित्रका प्राकृतिक तथा साँस्कृतिक महत्वका स्थानहरूको पहिचान गरी विश्वमा परिचित गराउने,
- सांस्कृतिक धरोहरहरूलमई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गर्ने, समन्वय र सहजीकरण गर्ने ।

**(घ) आमसञ्चार समिति**

- विश्वसनीय, भरपदी र सर्वसुलभ सञ्चारको विकासबाट सूचनाको हकको प्रत्याभूति गर्ने कार्यमा सहयोग गर्ने,
- उन्नत सञ्चारको माध्यमबाट ज्ञानमा आधारित समाज विकासमा सहयोग गर्ने,
- युनेस्कोको कार्य क्षेत्रभित्रका अन्य विषयमा सचेतक र सहजकर्ताको रूपमा सञ्चार माध्यमहरूको सहयोग प्रवर्द्धन गर्ने,
- सञ्चारकर्मीहरूको पेशागत सुरक्षा र विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

**(ङ) सामाजिक समिति**

- विश्ववन्धुत्व, भाइचारा र सहअस्तित्व अभिवृद्धका लागि शिक्षा र सचेतना फैलाउने,
- लैङ्गिक समानता र सामाजिक समावेशीकरणको माध्यमबाट समाजमा विद्मान असमानता, विभेद र शोषण अन्त्य गर्न सहयोग गर्ने,
- सामाज विकासका प्रकृया तथा सामाजिक समस्या सम्बन्धी अध्ययन र अनुसन्धान गर्ने
- समाजमा दिगो शान्ति र सुव्यवस्था कायम गर्न सहयोग गर्ने,
- जनसाङ्ख्यिक, डिजिटल, विज्ञान र प्रविधिको सङ्क्रमणको लाभ लिदै दिगो तथा समावेशी आर्थिक र सामाजिक विकास गरी सामाजिक रूपान्तरणमा सहयोग पुऱ्याउने,
- सामाजमा शान्ति र समानता प्रवर्द्धन गर्न सम्वाद र सहकार्यको संस्कृति विकास गर्ने,
- समाजमा सकारात्मक परिवर्तन ल्याउन अनुसन्धानमा आधारित तथ्य र ज्ञानको उपयोग गर्ने ।

**(च) मानव तथा जीवमण्डल विशेष समिति**

- सभ्यताहरू र संस्कृतिहरूका बीच सम्वाद र सहकार्य गरी गराई सामाजिक समावेशीकरण र सामाजिक रूपान्तरणलाई सहयोग गर्ने,
- मानव र वातावरणबिच सन्तुलन ल्याउन दिगो विकास सम्बन्धी विभिन्न कर्य गर्ने,
- युवा विकास र परिचालन गर्ने,
- विज्ञान र प्रविधि सम्बन्धी प्रयोगमा नैतिक मूल्यको प्रत्याभूति गर्ने,
- ज्ञान सञ्जालको विस्तार र अनुसन्धान गर्ने,
- मानव अधिकार संरक्षण सम्बन्धी कार्य गर्ने।

**(छ) अन्तर्राष्ट्रिय जलविज्ञान विशेष समिति**

- जलको बहुआयमिक बुझाई विकास र विस्तार गर्न बैयक्तिक तथा संस्थाको प्राविधिक प्रविधिक क्षमता विकास गर्ने,
- जलको महत्व एवम् जल व्यवस्थापन सम्बन्धी शिक्षा र सचेतनाका कार्यक्रम सञ्चालन गरी दिगो जल व्यवस्थापनका लागि सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने,
- दिगो र उत्थानशील समुदायको विकासद्वारा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय क्षेत्रमा विद्यमान जल सम्बन्धी समस्या समाधान गर्न सहयोग गर्ने,
- जलविज्ञानका क्षेत्रमा अध्ययन अनुसन्धान गर्ने,
- बहुविधागत विज्ञान तथा प्रविधिमा भएका तथ्य एवम् ज्ञानका आधारमा जल व्यवस्थापन सम्बन्धी शासकीय प्रवन्ध तथा निर्णय क्षमता विकास गर्ने ।

## ९. युनेस्कोका साझेदार संस्थाहरू

- युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जाल (ASPNet)
- युनेस्को क्लब तथा संघसंस्थाहरूको राष्ट्रिय महासङ्घ, सङ्घ
- युनेस्को क्लबहरू,
- गैरसरकारी संस्थाहरू,
- अन्तरसरकारी संस्थाहरू,
- युनेस्को तथा सम्बद्ध संस्थाहरू (संयुक्त राष्ट्र सङ्घका अङ्ग तथा विशिष्टिकृत संस्थाहरू, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय सङ्गठनहरू, अन्तर्राष्ट्रिय तथा क्षेत्रीय वित्तीय सङ्गठन/संस्थाहरू आदि),
- सञ्चार जगत र सदस्य राष्ट्रका युनेस्को राष्ट्रिय आयोगहरू ।

## १०. युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जाल (ए.एस.पी.नेट) (UNESCO Associated School Project Network -ASPNet)

यो युनेस्कोको आदर्श र उद्देश्यप्रति प्रतिबद्ध विद्यालय, शिक्षक तथा विद्याथीहरूको साझा सञ्जाल हो । युनेस्कोको उद्देश्य तथा कार्यक्रम प्रति प्रतिबद्ध भई देशभित्रका र अन्य राष्ट्रका विद्यालयहरूसंग आपसी सम्पर्क सञ्जालस्थापना गरी ऐक्यवद्धता र भाइचारा स्थापित गर्ने विद्यालयलाई युनेस्को सम्बद्ध विद्यालय भनी परिभाषित गरिएको छ । युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जालसँग आवद्ध विद्यालयहरूसँग समन्वय गरी एएसपीनेट अभियानलाई प्रवर्द्धन गराउनका लागि आयोगको महासचिवले एकजना एएसपीनेटको राष्ट्रिय संयोजक मनोनयन गर्ने प्रावधान रहेको छ ।

### १०.१ ए.एस.पी.नेटका मुख्य पक्षहरू

युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको, विधान, २०३१ (नवौं संशोधन, २०७९ सहित) को दफा १५ (क) मा एसोसिएटेड स्कुल प्रोजेक्ट नेटवर्क परियोजना (ASPNet) को व्यवस्था गरिएको छ । जुन युनेस्को सदस्य राष्ट्रका विद्यालयहरूको विश्वव्यापी सञ्जाल हो । युनेस्को सम्बद्ध विद्यालय परियोजना सञ्जाल युनेस्कोका आदर्श, उद्देश्य र लक्ष्यप्रति प्रतिबद्ध विद्यालय, शिक्षक तथा विद्याथीहरूको साझा सञ्जाल हो ।यस सञ्जालमा आबद्ध विद्यालयहरू युनेस्कोका आदर्श प्रति प्रतिबद्ध भई अन्तर्राष्ट्रिय समझदारी, शान्ति, अन्तरसांस्कृतिक सम्वाद, दिगो विकास र गुणस्तरीय शिक्षाको प्रवर्द्धनका लागि कार्यरत छन् । यस सञ्जालले दुवै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा काम गर्दछ । यसले युनेस्कोका विशिष्ट मूल्य मान्यता र प्राथमिकतामा आधारित भई नविनतम शैक्षिक सामग्री एवम् शिक्षण सिकाइका पद्धतिहरूको विकास र प्रसार गर्ने कार्य गर्दछ । विद्यालय र विद्याथीहरू मार्फत युनेस्कोका आदर्शहरूलाई समाजका सबै तह र तप्कामा पुर्याई समझदारी, सहनशीलता, सहयोग र सहकार्यको प्रवर्द्धन गर्दै शान्ति र प्रगती सुनिश्चित गर्ने दिशामा यो सञ्जाल कार्यरत रहेको छ । सन् १९५३ मा १५ देशका ३३ वटा विद्यालय आवद्ध भई शुरू भएको यस सञ्जालमा हाल विश्वका १८२ देशका ११ हजार ५ सय भन्दा बढी विद्यालय आवद्ध छन् । नेपालमा हाल ७४ विद्यालयहरू यसमा आवद्ध रहेका छन् ।

## ११. युनेस्को क्लब तथा संघ संस्थाहरू

स्थानीय स्रोत र साधनको प्रयोग गरी स्थानीय तहमा शान्ति, प्रगति र संवृद्धि हासिल गर्नका लागि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको विधान २०३१ (नवौं संशोधन) को दफा १५ ले व्यवस्था गरे बमोजिम युनेस्को क्लब तथा संघ संस्थाहरूको गठन गरिन्छ। युनेस्को क्लब तथा संघ संस्था गठन गर्नका लागि सम्बन्धित क्लब तथा संघसस्थाहरूले युनेस्को सचिवालयबाट जिल्ला प्रशासन कार्यलयको नाममा सिफारिस लिनु पर्दछ । युनेस्को क्लब तथा संघ संस्थाहरूले युनेस्को सचिवालयमा सम्बन्धनका लागि निवेदन दिनु पर्दछ । युनेस्को सम्बद्ध युनेस्को क्लबमा अवद्धताका लागि दर्हाय बमोजिमका कागजातहरू पेस गर्नु पर्दछ ।

(क) गत आर्थिक वर्षमा सम्पादन गरेको कार्यहरू र सोको लागत विवरण,
(ख) गत आवाको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
(ग) क्लब तथा सङ्घ संस्था नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
(घ) चालु आवाको कार्ययोजना,
(ङ) जिल्ला प्रशासनकार्यालयमा दर्ता भएको प्रमाणपत्र, विधानको प्रतिलिपि र संस्थाको कार्य समितिको निर्णयसहित कुनै नयाँ युनेस्को क्लब, सङ्घ संस्थाहरूले स्थापना भएको एक आर्थिक वर्ष समाप्त भएपछि मात्र सचिवालयमा सम्बन्धनका लागि निवेदन दिन सक्नेछ ।

## ११. १ युनेस्को क्लब तथा संघ संस्थाहरूका प्रमुख कार्यहरू

- स्थानीय युवालाई सङ्गठित गरी युवाको क्षमता विकास र सिर्जनशीलता वृद्धि गर्ने,
- स्थानीय स्रोत, साधनको संरक्षण र संवर्द्धन गरी दिगो विकासलाई व्यवहारमा उतार्ने,
- मानव अधिकारप्रति सजग र सम्मान गर्ने व्यवहारको विकास र प्रवर्द्धन गर्ने,
- स्थानीय समस्या समाधानका लागि समुदायमा सहकार्यको संस्कारको विकास गर्ने,
- सामाजिक सौहार्दताको विकास र विस्तार गरी विकासका प्रतिफलमा समन्यायिक पहुँच सुनिश्चित गर्न पहल गर्ने र
- युनेस्कोले सिर्जना गरेका अवसरहरूबाट स्थानीयस्तरको लाभ हासिल गर्न विशेष पहल गर्ने ।

## १२. युनेस्को क्लब तथा संघसंस्थाहरूको राष्ट्रिय महासंघ

सचिवालयबाट सम्बन्धन प्राप्त युनेस्को क्लब तथा सङ्घसंस्थाहरूको एउटा राष्ट्रिय महासङ्घ रहने प्रावधान रहेको छ । सचिवालयको सिफारिसका आधारमा जिल्ला प्रशासन कार्यालयमा युनेस्को क्लब तथा सङ्घसंस्थाहरूको राष्ट्रिय महासङ्घ दर्ता भएपछि दर्ता प्रमाणपत्रको प्रतिलिपि, विधानको प्रतिलिपि र सम्बन्धनका लागि महासङ्घको निर्णयसहित यस सचिवालयमा माग भएमा कार्यकारिणी समितिले चार वर्षका लागि सम्बन्धन दिन सक्ने प्रावधान रहेको छ ।

## १३. युनेस्को क्लब तथा ससंस्थाहरूको राष्ट्रिय महासङ्घको प्रमुख कार्य

- आधिकारिक निकायमा दर्ता, दर्ता नवीकरण भएका युनेस्को क्लब तथा सङ्घसंस्थाहरूलाई महासङ्घको सदस्यता प्रदान गर्ने,
- युनेस्को क्लब तथा सङ्घसंस्थाहरूको क्षमता विकासका लागि तालिम, गोष्ठी, अन्तरक्रिया कार्यक्रम आदि आयोजना गर्ने,
- युनेस्को क्लव तथा सङ्घसंस्थाहरूको महासङ्घहरूको क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा आयोजना हुने बैठक वा सम्मेलनमा युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगको स्वीकृतिअनुसार भाग लिन प्रतिनिधि खटाउने,
- राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा आयोजना हुने युनेस्को क्लब तथा सङ्घसंस्थाहरूको कार्यक्रम मा भाग लिन महासङ्घको सदस्यता प्राप्त क्लब वा सङ्घसंस्थाको पदाधिकारीको चयन गरी मनोनयन वा स्वीकृतिका लागि युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोगमा सिफारिस गर्ने ।

## १४. निष्कर्ष

युनेस्कोको आदर्श र मर्मलाई समुदायस्तरसम्म पुऱ्याउन सदस्य राष्ट्रका सरकार तथा युनेस्को प्रधान कार्यालय बीच सम्बन्ध सेतुको भूमिका निर्वाह गर्न स्थापित युनेस्को आयोगले आफ्नो स्थापना काल देखि नै विश्वमा शान्तिको बीजारोपण गरी सामाजिक समानता, सहिष्णुता र समावेशीकरण, संस्कृति जगेर्ना र दिगो विकासका साथै विज्ञान र प्रविधिको विकासमा महत्वपूर्ण योगदान दिदै आइरहेको छ । गुणस्तरीय र आजीवन शिक्षामा सबैको पहुँच तथा सहभागिता सुनिश्चतताका लागि शिक्षा, सचेतना, वहस, पैरवी, सूचनाको हकको प्रत्याभूति अध्ययन र अनुसन्धानका क्षेत्रमा यस संस्थाले आफ्नो उपस्थिति देखाउदै आएको छ । मानव मूल्य र सभ्यता, जीवमण्डल र पर्यावरणबीच सन्तुलन, जलको दिगो व्यवस्थापन सम्बन्धी कार्य समेत गर्दै आएको छ । उल्लिखित कार्यहरु विभिन्न विधामा आधारित भएकोले विविध क्षेत्रका ज्ञानको उपयोग गर्न यस आयोगको मानवीय, भौतिक तथा आर्थिक क्षमता विकास गर्नु पर्ने देखिन्छ।